# मण्डनदेउपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# महादेवस्थान, काभ्रेपलाञ्चोक

**चमेनागृह सञ्चालन सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८०/०९/१७)

यस नगरपालिकाका नवनिर्मित प्रशासनिक भवनबाट सेवा प्रारम्भ भएको जानकारी सर्वविदितै छ। यसै सन्दर्भमा नवनिर्मित प्रशासनिक भवनसँगै रहेको चमेनागृह निर्माण सम्पन्न भएको तथा सो को सञ्चालनका लागि सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिमका योग्य व्यक्ति/व्यवसायी प्रतिस्पर्धा मार्फत छनौट गर्नुपर्ने भएकोले तपसिल बमोजिमका शर्तहरुको अधिनमारही चमेना गृह सञ्चालनगर्न ईन्छुक व्यक्ति/व्यवसायीले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र प्रस्तावपत्र पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. सम्बन्धित निकायमा व्यवसाय दर्ता/नविकरण भई नगरपालिकामा सूचिकृत/नविकरण भएको वा नगरपालिका तथा सम्बन्धित निकायमा व्यवसाय दर्ता गर्न योग्य भएको हुनुपर्नेछ (चमेनागृह सञ्चानलन गर्नपूर्व अनिवार्य रुपमा व्यवसाय दर्ता गर्नुपर्ने भएकोले)।

२. चमेनागृह सञ्चालनगर्न ईच्छुक प्रशतावदाताले नवनिर्मित चमेनागृहमा आवश्यकता अनुसार फर्निचर/फर्निसिङ तथा सजावट गर्न सक्नेछ । चमेनागृह सञ्चालनगर्न आवश्यक भाडावर्तन,इन्धन लगायत वन्दोवस्तीका सामान सञ्चालकले व्यवस्था गर्नुपर्नेछ ।

३. चमेनागृहको आधारभुत भौतिक संरचनामा परिवर्तन हुने कुनै निर्माणकार्य गर्न पाइने छैन तर नगरपालिकाको स्वीकृति लिई सेवाग्राहीको सुविधा र सहजताका लागि अस्थायी प्रकृतिका संरचना निर्माण वा परिवर्तन गर्न सकिनेछ।

४. पानी तथा विद्युतको आपुर्ती व्यवस्था नगरपालिकाले गर्नेछ र सोको प्रयोगमा लाग्ने दस्तुर चमेनागृह सञ्चालन गर्ने व्यवसायीले नगरपालिकामा मासिक रुपमा भुक्तान गर्नुपर्नेछ।

५. चमेनागृहमा उपलव्ध गराउने खाजा खानाको गुणस्तर तथा परिमाण प्रचलित मापदण्ड बमोजिम हुनुपर्नेछ। खाजा खानाको मूल्य यस सूचना बमोजिम कवोल गरेको मूल्य कायम हुनेछ। यो सम्झौता नविकरण गर्दाकावखत दुवै पक्षेको सहमतीमा मूल्य हेरफेर गर्नसकिने छ ।

६. चमेनागृह तथा यसको सञ्चालनबाट निस्किएको फोहोरमैला व्यवस्थापन गर्ने जिम्मेवारी तोकिएबमोजिम चमेनागृह सञ्चालकको हुनेछ।

७. माथी उल्लेखित शर्तनामाहरु पालना गर्न ईच्छूक व्यक्ति/व्यवसायीहरुमध्येबाट सबैभन्दा धेरै घर बहाल रकम बोल कबोल गर्ने व्यक्ति/व्यवसायी चमेनागृह सञ्चालनको लागि छनौट हुनेछ। आ.व.२०८०/८१ को लागि चमेना गृहको न्युनतम घर बहाल रकम मासिक रु. ८०००/-(कर समेत) तोकिएको छ। सो भन्दा कम कबोल गर्ने व्यक्ति/व्यवसायी मूल्याङ्कन प्रकृयामा समावेश हुन सक्नेछैन।

८. घर बहाल रकम मासिक रुपमा नगरपालिकामा बुझाउनुपर्नेछ।

२०८०/९/१६

| क.स | खाजा/खानाको विवरण | इकाइ | अधिकतम मूल्य रु. | क.स | खाजा/खानाको विवरण | इकाइ | अधिकतम मूल्य रु. |
|---|---|---|---|---|---|---|---|
| १ | भेज मःम | प्लेट | ८० | १९ | कालो चिया | कप | १५ |
| २ | चिकेन मःम | प्लेट | १२० | २० | दुध चिया | कप | २० |
| ३ | चिकेन झोल मःम | प्लेट | १२० | २१ | लेमन टि | कप | १५ |
| ४ | पनिर/मसरुम मःम | प्लेट | १२० | २२ | कालो कफि | कप | ४० |
| ५ | सि मःम | प्लेट | १३० | २३ | मिल्क कफि | कप | ५० |
| ६ | एग चाउमिन | प्लेट | १०० | २४ | दुध | ग्लास | ३० |
| ७ | भेज चाउमिन | प्लेट | ८० | २५ | लस्सि | ग्लास | ८० |
| ८ | चिकेन चाउमिन | प्लेट | १२० | २६ | मोहि | ग्लास | २० |
| ९ | चिकेन खाजा सेट | प्लेट | १५० | २७ | दहि | ग्लास | ५० |
| १० | मटन खाजा सेट | प्लेट | २०० | २८ | आलु परौठा | वटा | ३० |
| ११ | भेज खाजा सेट | प्लेट | १०० | २९ | समोसा | वटा | २० |
| १२ | रोटि/पुरी | वटा | १० | ३० | सेलरोटी | वटा | १५ |
| १३ | तरकारी | प्लेट | २० | ३१ | मालपुवा | वटा | २० |
| १४ | एग थुक्पा | प्लेट | १०० | ३२ | पकौडा | प्लेट | ५० |
| १५ | भेज थुक्पा | प्लेट | ७० | ३३ | सुजि हलुवा | प्लेट | ४० |
| १६ | चिकेन थुक्पा | प्लेट | १२० | ३४ | सादा खाना | सेट | १२० |
| १७ | भेज पास्ता | प्लेट | ८० | ३५ | चिकेन खाना | सेट | २०० |
| १८ | चिकेन पास्ता | प्लेट | १२० | ३६ | मटन खाना | सेट | २५० |

२०७७/८/१०

९. चमेनागृह सञ्चालन सम्झौता हरेक दुई आर्थिक वर्षका लागि हुनेछ। तर पहिलो पटकको लागि चमेनागृह सञ्चालन सम्झौता आ.व. २०८२/८३ सम्मको लागि हुनेछ।

१०. तोकिएको गुणस्तर, परिमाण तथा शुल्कमा खाजा खाना उपलब्ध गराउन नसकेमा नगरकार्यपालिकाले जुनसुकै बखत सम्झौता रद्द गर्न सक्नेछ।

११. चमेनागृह सञ्चालन सम्बन्धि आशयपत्र राजश्व शाखामा रु ५००/- को शुल्क तिरेको रसिद पेश गरि नगरपालिकाको व्यवसाय हेर्ने शाखाबाट प्राप्त गर्न सकिनेछ।